# सामाजिक परिवर्तन र इलाम : एक समाजशास्त्रीय विश्लेषण

**सन्तोष पराजुली**
उप-प्राध्यापक, समाजशास्त्र विभाग, महेन्द्ररत्न बहुमुखी क्याम्पस, इलाम
Email: santosh.parajuli@mrmc.tu.edu.np

**अध्ययनको सार**

यस अध्ययनले इलाम जिल्लाको समग्र समाज विकास र  रूपान्तरण प्रकृयालाई साङ्गोपाङ्गो ढङ्गले विश्लेषण गर्ने प्रयत्न गरेको छ । यस अध्ययनमा व्याख्यात्मक अनुसन्धान पद्धति भित्र रहेर विभिन्न विद्वानहरूका अनुसन्धानात्मक योगदानहरूलाई साहित्य समीक्षाको रूपमा डेस्क रिभ्यू विधिमार्फत गुणात्मक अध्ययन गरी साथै विभिन्न प्राथमिक र द्वितीय दुवै स्रोतमा आधारित गुणात्मक तथ्याङ्कहरू प्रयोग गरी अध्ययनको उपलब्धिलाई समाजशास्त्रीय सिद्धान्तसँग सम्वन्ध देखाउँदै सामाजिक यथार्थको रूपमा पुष्टि गर्न खोजिएको छ । यो अध्ययनले इलाम जिल्लाको सामाजिक साँस्कृतिक, भौतिक लगायत विभिन्न पक्ष तथा विकासको क्षेत्रमा धेरै परिवर्तन र रूपान्तरण ल्याएको पाउन सकिन्छ ।

*शब्द कुञ्जिका:* समाज,  सामाजिक परिवर्तन, संरचना, विकास, रूपान्तरण

## परिचय

चिया खेती र अलैंची खेतीमा चर्चित र अब्बल मानिएको यो जिल्ला नगदे वाली र कृषि आयआर्जनमा 'पाँच अ' को जिल्लाको रूपमा पनि चिनिन्छ । अम्लिसो, अकबरे खोर्सानी, अदुवा, ओलन, अलैंची, चिया र दुग्धजन्य वस्तुहरूको उत्पादन र बिक्री गरी यस जिल्लाले राम्रो आर्थिक आम्दानी गरिरहेको छ । पर्यटकीय विकासका दृष्टिकोणले उच्च सम्भावना बोकेको यस जिल्लामा प्रभावकारी नीति र कार्यक्रम सञ्चालन गर्न सके राष्ट्रकै आयआर्जनमा टेवा पु¥याउने क्षमता बोकेको जिल्लाको रूपमा यस जिल्लालाई लिन सकिन्छ (इलाम जिल्ला पार्श्वचित्र, २०७०) । बहु सामाजिक, सांस्कृतिक र धार्मिक समुदायका मानिसहरूको मिश्रित बसोबासको थलोको रूपमा परिचित यस जिल्लामा नागरिकहरूमा सहिष्णुताको भावना उच्च रहेको पाइन्छ । समाजशास्त्री इमाईल दुर्खिमले भने जस्तो यस ठाउँका समाज र संस्कृति बीच उच्च स्तरको अन्तरक्रियात्मक सम्बन्ध रहेको पाइन्छ । जसको कारण सामाजिक सदस्यहरूको एक आपसको सम्बन्ध प्रगाढ र सुमधुर रहेको छ । सामाजिक ऐक्यवद्धता, आपसी सद्भाव र सहकार्यको भावनाले गर्दा यहाँको मानिसहरूको आर्थिक अवस्था सन्तोषजनक रहेको पाइन्छ । बहुआयामिक उत्पादन प्रणालीको प्रचुर संभावना रहेको यस जिल्लामा मानिसहरू आयश्रोतको हिसावले एकै साथ विभिन्न पेशामा आवद्ध भएको पाईन्छ । तर बहुसंख्यक

जनसंख्या कृषि पेशामा आवद्ध रहेका छन । यसै कारण अन्य जिल्लाको तुलनामा यस जिल्ला आर्थिक दृष्टिकोणले सक्षम जिल्लाको रूपमा चिनिन्छ ।

**अध्ययनको उद्देश्य र विधिः**

इलाम जिल्लाको सामाजिक, सांस्कृतिक, शैक्षिक आदि पक्षहरूमा आएको परिवर्तनको साँङ्गोपाङ्गो रूपमा चित्रण गर्दै विवरणात्मक अनुसन्धान पद्धती अनुसार अन्तर सम्बन्धहरूको समाजशास्त्रीय सैद्धान्तिक अवधारणासँग सम्वन्ध देखाउँदै गुणात्मक विवेचना गरेर समाजशास्त्रीय अध्ययन गर्नु नै यस अध्ययनको प्रमुख उद्देश्य रहेको छ ।

विभिन्न कालखण्ड र समयमा यस जिल्लाको विभिन्न पक्षहरूमा विभिन्न विद्वानहरूले प्राज्ञिक प्रयोजन वा संस्थागत प्रयोजनकालागि गरेका अध्ययनहरूलाई समेत आधार मानेर डेस्क रिभ्यू विधिमा आधारित रहेर त्यसको समीक्षा गर्दै र कतिपय पक्षहरूमा अनुसन्धानकर्ता स्वयम्को समाजशास्त्रीय ज्ञान, अनुभव र अवलोकनलाई आधार मानेर पनि विवेचनाहरू प्रस्तुत गरिएको छ । यसरी हेर्दा यस अध्ययनमा प्राथमिक र द्वितीयक दुवै स्रोतमा आधारित गुणात्मक तथ्याङ्कहरू प्रयोग भएका छन् । अध्ययनको उपलब्धिलाई समाजशास्त्रीय सिद्धान्तसँग मेल/सम्वन्ध देखाउँदै सामाजिक यथार्थको रूपमा पुष्टि गर्न खोजिएको छ ।

**सैद्धान्तिक समीक्षा तथा विश्लेषण**

**समाज र संस्कृतिको ऐतिहासिक परिदृश्य र यसमा आएको परिवर्तन**

समाजका विभिन्न अंगहरू मिलेर खास खालको सामाजिक संरचनाको निर्माण गर्दछ । यस्तो समन्वयात्मक स्वरूपलाई सामाजिक संरचना भन्ने गरिन्छ । सामाजिक व्यवस्था निर्माणका लागि मूल्य, मान्यता, परम्परा, रीतिरिवाज, धर्म, संस्कृति आदि खासखालका संरचनाहरूमा आबद्ध भएर रहेका हुन्छन् । प्रसिद्ध समाजशास्त्री इमाईल दुर्खिमका अनुसार यी संरचना र यससँग जोडिने सम्पूर्ण संयन्त्रहरू समाजका आवश्यकता भएको र यिनै संरचनाहरूले मिलेर प्रकार्य गर्ने क्रममा समाज सञ्चालित भएको हुन्छ र निरन्तर रूपमा अस्तित्वमा रहेको हुन्छ । अर्का समाजशास्त्री रर्वट के. मर्टनका अनुसार यस्ता प्रकार्यहरू प्रकट वा लुप्त अवस्थामा समाजमा रहेका हुन्छन् । प्रकट प्रकार्यलाई प्रत्यक्ष रूपमा देख्न सकिन्छ तर लुप्त प्रकार्यलाई देख्न र अनुभव गर्न गाह्रो हुने कुरा मर्टन गर्दछन् । अर्का समाजशास्त्री ब्रोनिस्ल मेलिनोस्किका अनुसार यस्ता संरचना, समाज, संस्कृति, मूल्यमान्यता, परम्परा, धर्म, संस्कार आदिले समाज र समुदायका सदस्यहरूको विभिन्न प्रकृतिका इच्छा र चाहनाहरू पूरा गरेका हुन्छन् र यिनीहरूको गठन र पुर्नगठन व्यक्तिका इच्छा र आकांक्षामा भर परेको हुन्छ (फ्रेन्चीस, १९९८) ।

यसरी हेर्दा इलाम जिल्लाको समाज र संस्कृति पनि ऐतिहासिक रूपमा हिन्दु धर्म र बौद्ध धर्मको दर्शनबाट प्रभावित भएको पाइन्छ । तर विपरित दर्शनहरू र धार्मिक आस्थाहरू सद्भावपूर्ण तरिकाबाट एक अर्कामा समाहित भएको देखिन्छन् । यिनीहरू नेपालकै मौलिक धर्म र संस्कृतिको रूपमा रहेका छन् । इलाम जिल्लाका बहुसंख्यक मानिसहरू यिनै दुईवटा धर्म र संस्कृतिमा रमाएको देख्न सकिन्छ । सामाजिक संरचना, समाज, संस्कृति मूल्यमान्यता, परम्परा, चाडपर्व, संस्कार र सामाजिक व्यवहारहरू पनि यिनै दर्शनद्वारा प्रभावित र निर्मित छन् । यहाँको समाज र संस्कृति यसरी एक आपसमा समाहित भएका छन् । सामान्यतया यिनीहरू बीचमा फरक छुट्याउन पनि कठिनाई उत्पन्न हुने हुन्छ ।

केन्द्रीय तथ्यांक विभाग (२०६८) को जनगणनाअनुसार यस जिल्लाको जनसंख्याको धार्मिक वितरणलाई प्रतिशतमा हेर्दा यस जिल्लामा जम्मा १० वटा धर्म मान्ने जनसंख्या रहेकोमा सवै भन्दा वढी हिन्दू धर्मावलम्वीहरू ४४.४९ प्रतिशत रहेको देखिन्छ । दोस्रोमा किराँत धर्मावलम्बीहरू ३५.६१ प्रतिशत र वौद्ध धर्मावलम्विहरू १५.२८५ प्रतिशत रहेको देखिन्छ भने अन्य धर्मावलम्वीहरूको जम्मा प्रतिशत ४.६१५ रहेको देखिन्छ । इलाम जिल्लाको जनसंख्याको धार्मिक वितरणलाई हेर्दा पश्चिमी धर्मको रूपमा रहेको क्रिश्चयन धर्मको प्रभाव पनि दिनानुदिन वढ्दै गईरहेको छ जसलाई प्रतिशतमा बाँडदा २.४९८ हुन आउँछ । यस जिल्लाको धार्मिक आस्था, विश्वास र परम्पराको समाजशास्त्रीय लेखाजोखा गर्दा यसै धर्तीमा जन्मेको आदिम सनातनी धर्म र परम्परालाई चुनौति दिँदै इसाई धर्मको व्यापक प्रचार प्रशार भएको देख्न सकिन्छ जुन अन्य धर्म र परम्परामा देख्न सकिदैन । हाम्रो समाजमा आदिम कालदेखि रहेका मठ, मन्दिर र गुम्वाहरूको संख्या भन्दा चर्चहरूको संख्यामा उल्लेख्य वृद्धि भईरहेको देख्न सकिन्छ । यस्ता चर्चहरूको निर्माण र धर्मको प्रचार प्रसारमा गरिएको लगानीको पारदर्शितामा अभाव देखिएको अवस्था छ भने यस्ता लगानीकर्ताहरूमा पश्चिमा क्रिश्चियन मुलुकहरूले साँस्कृतिक विचलन निम्त्याउनको निमित्त नेपाल जस्तो अल्पविकसित देशहरूमा अपारदर्शी ढङ्गवाट लगानी गरिरहेका छन् भन्ने आरोप पनि लाग्ने गरेको छ । आफ्नै मौलिक धर्म, संस्कृति र परम्परालाई तिलाञ्जली दिँदै अर्काको मुलुकको आयातित धर्म, संस्कृति र परम्पराको पछाडि लाग्ने हाम्रो मानविय प्रवृतिले कतै हाम्रो राष्ट्रियतालाई नै कमजोर वनाउने त हैन ?भन्ने प्रश्न उठ्नु स्वभाविक हो । यस्तो अवस्थाले देशभक्त बुद्धिजिवीहरूलाई चिन्तित तुल्याउनु स्वभाविक छ । यस्तो परिस्थिति आउनुको पछाडीका कारणहरू खोज्नका लागि राष्ट्रिय स्तरमै वहस, छलफल र अध्ययन अनुसन्धान हुनु पर्ने देखिन्छ । नेपाली जनताहरू स्वत: स्फूर्त रूपमा यस्ता आयातित विदेशी राष्ट्रियता वोकेको धर्ममा लागेका हुन वा कुनै विदेशी शक्ति केन्द्रको निहित स्वार्थ प्रेरित भएर लागेका हुन् भन्ने विषय पेचिलो भएर वसेको छ र यसमा अनुसन्धान हुनु जरूरी छ ।

**राजनैतिक, शैक्षिक र लैङ्गिक अवस्थामा आएको परिवर्तन**

समाजशास्त्री प्रा. चैतन्य मिश्र (२०६७) का अनुसार  हरेक मुलुक, संस्कृति र समुदाय इतिहासको एउटा विशिष्ट मोडमा हुन्छ। त्यो मोडमा बाह्रय शक्तिले गर्दा पनि परिवर्तन हुन्छ र आन्तरिक कारणले पनि हुन्छ। नेपालको परिवर्तनमा बाह्रय विशिष्ट पक्षहरूले पनि महत्वपूर्ण भूमिका खेलेका छन्। कुनै पनि स्थानिय प्रक्रियालाई बाह्रय प्रक्रियाले असर गर्छ । ठाउँ र ऐतिहासिक परिस्थिति हेरिकन त्यो सशक्त वा मध्यम हुन्छ । वरपरका घटनासँग जोडेर आन्तरिक घटनालाई आँकलन गर्नुपर्ने हुन्छ । नेपालको इतिहासदेखि वर्तमानसम्म के-के परिवर्तन हुँदै आए, ति परिवर्तन विश्वमा र दक्षिण एसिया क्षेत्रमा भएका परिवर्तनसँग कसरी गाँसिएका छन् भन्ने सम्वन्धलाई विश्लेषण गर्दै नेपालमा भइरहेको घटनाचक्रलाई नेपालकै भौगोलिक परिधिभित्र मात्र सीमित हुनु नहुने तर्क प्रा. मिश्र गर्नुहुन्छ।

यसरी हेर्दा विश्वभरिको शक्तिशाली ब्रिटिस-भारत हामीसँग टाँसिएर रहेको थियो । उसको औपनिवेशिक नीति र लहरबाट स्वतन्त्रै अवस्थामा रहेर पनि नेपाल अछुतो भने रहन सकेन। उसको अप्रत्यक्ष सामाजिक, राजनैतिक, साँस्कृतिक, आर्थिक आदि प्रभावहरू नेपालमा पर्दै गयो । त्यसमाथि पनि भारतको दार्जिलिङ्ग क्षेत्रसँग सीमा जोडिएको इलाम जिल्लामा ब्रिटिस साम्राज्यको प्रभाव अत्यन्तै रहेको पाइन्छ। शिक्षा, स्वास्थ्य, बजार र आर्थिक क्रियाकलापका कुराहरूमा दार्जिलिङ्गको सकारात्मक प्रभाव इलाम जिल्लालाई परेको देखिन्छ । शिक्षा स्वाथ्य, आर्थिक क्रियाकलापमा दार्जिलिङ्ग जिल्लाको विभिन्न ठाउँहरू जस्तै कालेङ्पुङ्ग, नक्सलबाडी, सिलिगुडी दार्जिलिङ्ग आदि ठाउँहरूमा भर पर्नुपर्ने बाध्यताले धेरै मानिसहरूको ओहोरदोहोर भएको पाउन सकिन्छ। यसरी दार्जिलिङ्गको ब्रिटिस प्रणालीमा आधारित शिक्षाको प्राप्तिले इलामका धेरै बौद्धिक जमातको उत्पादन भएको पाउन सकिन्छ। यसरी शिक्षित समुदायको उत्पादनको कारणले इलामको समग्र क्षेत्रमा शिक्षाको ज्योती र महत्व फैलिन गई इलाममा धेरै शैक्षिक संस्थाहरू खुलेको र छोराछोरी दुवैलाई विद्यालय शिक्षाको सुविधा प्राप्त भएको ऐतिहासिक तथ्यहरू प्राप्त गर्न सकिन्छ । यसरी आएको शिक्षाको लहर र दार्जिलिङ्गको प्रभावसँगै उता गएर दीक्षित भएर आएका इलामे विद्यार्थीहरूमा ब्रिटिस शासकहरूविरूद्धको भारतीयहरूको 'भारत छोड' आन्दोलनले राजनैतिक चेतना स्तर माथि उठाएको र ती नेपाली विद्यार्थीहरूमार्फत इलामका वस्ती र समाजहरूमा पनि राजनैतिक चेतना फैलिन गएको समाजशास्त्रीय लेखाजोखा गर्न सकिन्छ । यिनै सामाजिक यथार्थ र घटनाक्रमहरूको आलोकमा विभिन्न आकारमा यस जिल्लामा पनि शैक्षिक र राजनैतिक क्षेत्रमा व्यापक परिवर्तन आएको हामी देख्न सक्छौ ।

इलाम जिल्लाको अहिलेको अवस्थालाई समाजशास्त्रीय विश्लेषण गर्दा २००७ सालदेखि विभिन्न समयका आन्दोलन, माओवादी जनयुद्धका नाममा भएको आन्दोलन र संयुक्त अनआन्दोलन २०६२/२०६३ ले

जनस्तरमा राजनैतिक चेतनाको दायरा निक्कै फराकिलो बनाएको र यसले पछिल्लो समयमा आदिवासी/जनजाति र क्षेत्रीयतावादी राजनैतिक शक्तिहरूलाई इलामको राजनैतिक रंङ्गमञ्चमा नयाँ शक्तिको रूपमा स्थापित गरेको तथ्य हामीबाट छिपेको छैन । यस्ता शक्तिहरूले इलामको सामाजिक सम्बन्ध र सद्भावलाई नयाँ दृष्टिकोणबाट पुनः परिभाषित गर्दै पुरानो सामाजिक, राजनैतिक अन्तरसम्वन्धहरूको जालोलाई केहि हदसम्म भत्काउने प्रयत्न गरेको पनि पाईन्छ । विभिन्न विद्वानहरूका अनुसन्धानात्मक लेखहरूलाई समीक्षात्मक रूपमा हेर्दै समाजशास्त्रीय शल्यक्रिया गर्दा पछाडी परेको वा पारिएको भनिएको समुदाय, अल्पसंख्याक, दलित आदिको मूलधारको राजनैतिक दलमा पहुँच विगतको तुलनामा गुणात्मक र संख्यात्मक दुवै ढंगबाट वृद्धि भएको तथ्य पाउन सकिन्छ । यसको प्रमुख कारणको रूपमा जनआन्दोलन २०६२/२०६३ को सफल अवतरण पछि देश गणतन्त्रात्मक शासन प्रणालीमा रूपान्तरण भईरहदा नेपालको राजनीतिमा समावेशीताको सिद्धान्तको प्रवेश हुनु र राज्यको पुनः संरचनाको बहसमा यसले प्रमुख स्थान प्राप्त गर्नु नै हो । नेपालको संविधान २०७२ ले पनि समावेशीकरण र विकासलाई संवैधानिक प्रावधानको रूपमा राखेर यो समावेशीकरणको सिद्धान्तलाई सबै राज्यका संरचना र राजनैतिक दलहरूलाई आत्मसाथ गर्न बाध्य पारेको परिणाम स्वरूप इलामको दलिय र राज्यको स्थानीय सरकार र संरचनामा जनजाति लगायतका समुदायको पहुँच वृद्धि हुनु स्वभाविक तथ्यको रूपमा देखिएको छ ।

इलाम जिल्लाको दलीय संरचनालाई विश्लेषण गर्दा नेपाल कम्युनिष्ट पार्टी (एकीकृत माक्सवादी लेनिनवादी), नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र), नेपाल कम्युनिस्ट पार्टी (एकीकृत समाजवादी) र नेपाली काँग्रेस लगायतको जिल्लाका प्रमुख मूलधारका पार्टीहरूमा आदिवासी/जनजाति र दलित समुदायको राम्रो राजनैतिक पहुँच र उपस्थिति देख्न सकिन्छ ।

नेकपा (एमाले) को सन् २०१४ मा सम्पन्न नवौं जिल्ला अधिवेशनले निर्माण गरेको जिल्ला कमिटीको अवस्था हेर्दा ५९% सदस्य आदिवासी/जनजाति तथा दलित समुदायबाट प्रतिनिधित्व भएको देखिन्छ । त्यसै गरी नेपाली काँग्रेसको सन् २०१० को ११ औ जिल्ला अधिवेशनले निर्माण गरेको जिल्ला कार्य समितिको अवस्था हेर्दा ५१.५१% सदस्य आदिवासी/जनजाति, दलित तथा अल्पसंख्याक समुदायको प्रतिनिधीत्व देखिन्छ । त्यसैगरी नेकपा (माओवादीकेन्द्र) को सन् २०१३ मा सम्पन्न जिल्ला भेलाद्वारा निर्मित तदर्थ जिल्ला कमिटीमा ५१% आदिवासी/जनजाति तथा दलित समुदायको प्रतिनिधित्व देखिन्छ (फूएल, २०७५) । यसैगरी नवगठित नेकपा (एकीकृत समाजवादी)को तदर्थ जिल्ला कमिटिको संरचना हेर्दा सम्मानजनक समावेशीताको अवस्था देख्न सकिन्छ ।

यसैगरी स्थानीय तहको निर्वाचनमा इलाम जिल्लामा महिला/जनजातिय प्रतिनिधित्वको अवस्था हेर्दा समानुपातिक समावेशीकरणको सिद्धान्तलाई पर्याप्त मात्रामा ध्यान दिंदै व्यवहारमा अभ्यास गरेको देखिन्छ । तर पनि सर्वोच्च कार्यकारी पदमा भने महिलाहरू आउन सकेका भने छैनन् । यसरी लैङ्गिक रूपमा महिलाको भूमिका र क्षमतालाई अझै पनि शङ्काको सुविधा समेत प्रदान नगरी नजर अन्दाज गरिएको हो कि भन्ने आधार प्रसस्त रहेको छ । यसको कारण नै समाजको उत्पादन प्रणालीमा रहेको पुरूषहरूको प्रभुता वा पितृसत्ताले समाजको सम्पूर्ण संरचनात्मक पक्षमा गाडेको जरा हो भन्न सकिन्छ । तर पितृसतात्मक सामाजिक उत्पादन प्रणाली र उत्पादनका सम्बन्धहरू व्यापक रूपमा खुकुलिदै गईरहेको अनुभुति हामी गर्न सक्दछौं । समाजको बदलिएको परिस्थिति र बदलिंदो नेपाली समाज हामी देखिरहेका छौं ।

इलाम जिल्लाको दशवटै स्थानीय तहको २०७४ मा सम्पन्न निर्वाचनमा महिला र जनजातिय प्रतिनिधित्वको अवस्थालाई हेर्दा कार्यकारी पदहरूमा सर्वोच्च (अध्यक्ष र मेयर) स्थानमा जुनसुकै जातीय समुदायको भएपनि पुरूष नै निर्वाचित भएको र उसैले दलीय उम्मेद्वारी पाएको हामी देख्न सक्छौ भने महिलाहरू उपाध्यक्ष वा उपमेयरमा सीमित भएको अवस्था छ । जनजातिय/दलित प्रतिनिधित्वको अवस्था हेर्दा २०७४ मा सम्पन्न स्थानीय निर्वाचनमा मेयर/उपमेयर, अध्यक्ष/उपाध्यक्ष पदहरूमा निर्वाचित प्रतिनिधिहरूको अवस्था निक्कै माथि रहेको छ ।

इलाम जिल्लाको जम्मा १० वटा स्थानीय तहको कार्यकारी मेयर/अध्यक्ष पदहरूमा जम्मा ८ वटा पदहरूमा जनजाति मूलको प्रतिनिधित्व छ भने दुईवटा पदहरू खसआर्य समुदायले जितेको अवस्था देख्न सकिन्छ । यसैगरी उपमेयर/उपमेयरको पदहरूमा जम्मा ५ वटा पदहरूजनजाति समुदायबाट र बाँकी ५ वटा पदहरू खस आर्य समुदायबाट प्रतिनिधित्व भएको हामी पाउन सक्छौं (पराजुली, २०७५)। हालैसम्पन्न स्थानीय तहको निर्वाचन, २०७९ को निर्वाचित स्थानीय तहमा प्रतिनिधित्व गर्ने जनप्रतिनिधिहरूको लैङ्गिक अवस्था र जातीय अवस्थालाई अवलोकन गर्दा पनि लगभग विगतकै निर्वाचनको प्रवृत्तिको निरन्तरता देख्न सकिन्छ । इलाम जिल्लाको जम्मा १० वटा स्थानीय तहको कार्यकारी मेयर/अध्यक्ष पदहरूमा जम्मा १० वटा पदहरूमध्ये १० नै जना पुरुष प्रतिनिधित्व रहेको र ती मध्ये ७जनजाति मूलको बाँकी ३ पदहरूमा खसआर्य समुदायले जितेको अवस्था देख्न सकिन्छ । यसैगरी उपमेयर/उपाध्यक्षको १० पदहरूमध्ये ७ र ३ पुरूष प्रतिनिधित्व देखिन्छ । जसमा ५ जना महिला जनजाति समुदायबाट र २ महिला खस आर्य समुदायबाट तथा २ पुरूष जनजाति समुदायबाट र १ जना खस आर्य समुदायबाट प्रतिनिधित्व भएको पाउन सक्छौं (जिल्ला निर्वाचन कार्यालय, इलाम २०७९)।

यो माथिको तथ्यांकलाई लैङ्गिक रूपमा विभाजन गर्दा हाम्रो समाज र राजनीतिमा अझैपनि पितृसत्तात्मक उत्पादन सम्बन्धले नियन्त्रण कायम राखेको देख्न सकिन्छ । उत्पादनका सम्वन्धहरू पुरूष केन्द्रित नै छन् । महिलाहरूको अवस्था अझै पनि सहायक स्थान मै छ र उनीहरू निर्णय प्रक्रियामा सामेल भएतापनि निर्णायक स्थानमा र नीति निर्माणको तहमा प्रतिनिधित्व गरे पनि सर्वोच्च स्थान ओगट्न सकेको अवस्था देखिदैन र अन्तिम निर्णयकर्ताका रूपमा आउन सकेका छैनन् किन भने माथिको तथ्यांकलाई लैङ्गिक विभाजन गर्दा निर्णायक पद (मेयर/अध्यक्ष) मा पुरूषहरूनै निर्वाचित भएका छन् भने सहायक (उप पदमा) महिलाहरू निर्वाचित भएको अवस्था छ । जनजाति र दलित समुदायको समाजशास्त्रीय सम्बन्धमा भने व्यापक परिवर्तन र विकास भएको पाउन सकिन्छ । तर यो अवस्था यी समुदाय भित्रका मुठ्ठीभरका वा सीमित जनजातिहरूले मात्र उपभोग गरेका छन् वा सबैको शसक्तीकरण भएको छ ? यसको समाजशास्त्रीय अध्ययन गर्नुपर्ने आवश्यकता छ ।

यसरी समाजशास्त्रीय साँचोमा इलामका जनजाति, दलित र महिलाहरूको अवस्थालाई राखेर हेर्दा इलामको सामाजिक, आर्थिक, राजनैतिक, साँस्कृतिक पक्षहरू अझै पनि व्याप्त रहेको पुरातनवादी पितृसतात्मक सामाजिक उत्पादन प्रणाली र असमान वितरण व्यवस्थाद्वारा निर्देशित र सञ्चालित छ, जसको कारणले घर भित्रका वा समाजका हरेक पक्षका स्रोत/साधनहरूको असमान वितरणले असमान उत्पादन सम्बन्ध र विभेद ल्याएको हो भन्ने ठाउँ प्रसस्त भेटिन्छ । यति हुँदाहुँदै पनि राज्यको मुलधारमा र समाजको विकासको प्रक्रियामा इलाम जिल्लाका आदिवासी, जनजाति, महिला र दलित समुदायहरू सापेक्षित ढंगबाट परिचालित र समाहित भएको अवस्था हामी पाउन सक्छौं र सशक्तीकरणको अवस्थामा विस्तारै अघि बढ्दै गरेको अवस्था पाउन सकिन्छ ।

**ग्रामीण सडकले ल्याएको सामाजिक र आर्थिक परिवर्तन**

इलाम जिल्लाका सबै गाउँपालिका तथा ग्रामीण भेगहरूमा मोटरबाटो पुगेको अवस्था पाउन सकिन्छ । सबै सडकहरू सबै सिजनमा भने चल्ने अवस्थामा छैनन् । ग्रामीण कच्ची सडक बर्षातको समयमा चल्न सक्दैनन् । यस जिल्लामा मेची राजमार्ग सहित कुल १२५.८५ किलोमिटर सडक कालोपत्रे रहेको छ भने ग्राभेल सडकको लम्बाई २६.७ किलोमिटर रहेको छ । यसैगरी जिल्ला स्तरीय रणनैतिक सडकअन्तर्गत ५१५.५ किलोमिटर सहित १०३८.३८ किलोमिटर ग्रामीण धुले सडक रहेको देखिन्छ । यस बाहेक स्थानीयस्तरमा बस्ती तथा गाउँ जोड्ने स-साना ग्रामीण सडकहरू समेत रहेका छन् (जिल्ला पार्श्वचित्र, २०७०) ।

यातायातको पूर्वाधारको रूपमा रहेको सडक सञ्जालले ग्रामीण इलाकामा आर्थिक क्रियाकलापको मुख्य आधार निर्माण गरेको हुन्छ । यस्ता सडकको सुविधाको माध्यमबाट गाउँलेहरूले लामो समयसम्म

आर्थिक लाभ लिईरहन सक्दछन् । इलाम जिल्लामा भौगोलिक कठिनाईको कारणले सडक निर्माण गर्न निक्कै अप्ठ्याराहरू रहेका छन् । तर पनि यस्ता सडकको सञ्जालले इलाम जिल्लाको आर्थिक वृद्धिदर हासिल गर्न निक्कै मद्दत पुऱ्याएको देखिन्छ ।यसको परिणाम स्वरूप इलामको गरिबी न्यूनीकरण गर्न निक्कै ठूलो मद्दत पुऱ्याएको देखिन्छ। तर सडक निर्माणमा आधुनिक यन्त्रको प्रयोगले वातावरणीय क्षति पुऱ्याएर दिगो विकासको अवधारणालाई ठाडो चुनौती दिइरहेको अवस्था पनि छ । यसलाई न्यूनीकरण गर्न वातावरण मैत्री नीति निर्माण पद्धति अपनाएर स्थानीय स्रोत साधन परिचालन गरी हरित सडक अवधारणा अनुसार दिगो विकास हासिल गर्ने गरी सडक निर्माण गर्नु पर्ने आवश्यकता टड्कारो बन्दै गईरहेको देखिन्छ । धेरै अध्ययनहरूले सडकका पूर्वाधारहरू आर्थिक वृद्धिसँग बहुआयामिक रूपमा सकारात्मक ढंगले अन्तरसम्बन्धित हुने कुरा देखाएको छ । विकासको मेरूदण्ठकोरूपमा रहेको सडकका पूर्वाधारहरू विकासका अन्य पूर्वाधारहरू जस्तै, स्वास्थ्य, शिक्षा, सञ्चार, उद्योग, आदिको विकास र विस्तारसँग गाँसिएका हुन्छन् । यतिमात्र नभएर कृषिको आधुनिकीकरण र व्यवसायिकीकरण, पर्यटनको विकास औद्योगिकीकरण आदिसँग पनि सडक पूर्वाधारको सकारात्मक सम्बन्ध रहेको हुन्छ। शहरका उत्पादित उपभोग्य वस्तु ग्रामीण इलाकासम्म र गाउँमा उत्पादित नगदेबाली, औद्योगिक कच्चा पदार्थ, दुग्धजन्य उत्पादनहरू बिक्री केन्द्र शहरी इलाकासम्म ढुवानी र विक्री वितरण गर्न सडक पूर्वाधारहरू आवश्यक पर्दछन् । यसरी हेर्दा यस जिल्लामा सडकको निर्माण र विस्तारसँगै विभिन्न प्रशासनिक संयन्त्र गठनमा बृद्धि भएको देख्न सकिन्छ । पुरानो व्यापारिक बाटो र संरचनामा समेत उल्लेख्य परिवर्तन आएको देखिन्छ । राजमार्गको निर्माणले व्यापारिक गतिविधिहरूलाई नयाँ दिशा प्रदान गरेको देखिन्छ। विभिन्न पहाडी जिल्लाहरूको आर्थिक क्रियाकलापहरू हेर्दा राजमार्गको निर्माणले उत्पादनमा भन्दा बढी उपभोगतर्फ समाज अग्रसर भएका तथ्यहरू देखिन्छ (डेभिड सेडन र अरू, १९८०)। यस जिल्लामा उत्पादनका सम्वन्धहरूमा परिवर्तन देखिएपनि उत्पादन प्रणालीमा भने व्यवसायीकरण भएको, आय आर्जनमा वृद्धि भएको, नगदेबालीले परम्परागत खेती प्रणालीमा संक्रमण गरेको,आर्थिक वृद्धिदर उच्च हुनुका साथै उपभोक्तावादी संस्कृतिमा पनि वृद्धि भएको पाउन सकिन्छ। सडक र राजमार्गको निर्माणले भरियाहरू लगाएर सामान ढुवानी गर्दा लाग्ने खर्चलाई कटौति गरेको, सडकको नजिकमा पर्ने नयाँ स्थानहरूमा पसलहरू निर्माण हुन गएको, पैदल दूरीलाई कम गरेको देखिन्छ । पुरानो व्यापारिक केन्द्र र बजारहरूको आकार, संरचना, आर्थिक/व्यापारिक क्रियाकलाप र भिडभाडमा फेरबदल र बद्लाव आएको देख्न सकिन्छ । पुराना हाटबजारहरू हराउँदै गएको देखिन्छ । नयाँ नयाँ ठाउँहरूले बजारको स्वरूप ग्रहण गर्दै गईरहेको देखिन्छ । बाटोको निर्माण पछि ग्रामीण रूपमा प्रयोग हुँदै आएका परम्परागत यातायातका साधनहरू जस्तै घोडा, खच्चड आदिको प्रयोगमा व्यापक रूपमा कमी आएको छ। अहिलेको नयाँ पुस्ताले त पहिले इलाम बजारमा

घोडा खच्चरले सामान ढुवानी गर्थ्यो भन्दा अचम्म मान्ने अवस्था छ । हालको समयमा घोडा खच्चड हाट बजार तिर मात्रै होइन इलामका ग्रामीण भेगहरूमा पनि पाउन र देख्न मुश्किल पर्छ ।

बाटोको निर्माणले यति धेरै विकास र उन्नति ल्याएर मानिसहरूको जीवनस्तर र जिउँने पद्दतिमा सुधार गरे तापनि धेरै नकारात्मक असरहरू पनि ल्याएको देख्न सकिन्छ । कृषिको बजारीकरणको नाममा

गरिने नगदेबाली उत्पादन तथा व्यवसायिक तरकारी उत्पादन/बजारीकरणको नाममा बढी आम्दानी गर्न र वजारमा प्रतिस्पर्धा गर्न अत्याधिक रूपमा विषाधि र रसायनिक पदार्थको अवैज्ञानिक प्रयोगले वातावरणीय जैविक प्रणालीमा र मानव स्वास्थ्यमा नकारात्मक र कहालीलाग्दो अवस्था सिर्जना गरेको पाउन सकिन्छ । यसको सुधार गर्न र प्रभाव न्यूनीकरण गर्न सम्बन्धित पक्ष नीतिगत र व्यावहारिक ढङ्गले नलागे भविष्यमा बिकराल समस्या नआउला भन्न सकिन्न ।

**वैदेशिक रोजगारी र त्यसले पारेको प्रभाव**

नेपालमा वैदेशिक रोजगारीको इतिहास १९औं शताब्दीको प्रारम्भदेखि शुरूवात भएको हो । नेपालका सक्रिय युवाहरूलाई वैदेशिक रोजगारिमा लैजाने परिपाटीको शुरूवात सन् १८१६ को सुगौली सन्धि पश्चात भएको पाइन्छ । त्यतिबेला सुगौली सन्धिमा ब्रिटिस सेनामा भर्ना हुन चाहनेलाई नेपाल सरकारले रोक्न नपाउने व्यवस्था थियो । तत् पश्चात उच्च ज्याला तथा आधुनिक सुख, सुविधाप्रतिको मोहका कारणले गर्दा नेपाली युवाहरूले ब्रिटिश र भारतीय सेनामा प्रवेश गरेको पाइन्छ । यसका साथै खुल्ला सिमानाका कारण आफ्नै दैनिक गुजारा चलाउन पनि भारतको श्रम बजारमा रोजगारी गर्ने क्रम छँदै थियो (कप्लान, १९७०)। देशको राजनैतिक अस्थिरता, लगानी मैत्री वातावरणको अभाव, औद्योगिकीकरणको अभाव आदि कारणले देश भित्र पर्याप्त मात्रामा रोजगारीका अवसरहरू सिर्जना हुन सकेका छैनन् । जसको कारण देशका युवाहरूका लागि वैदेशिक रोजगार एउटा आकर्षक गन्तव्य वन्न पुगेको छ । यसरी विकसित देशहरूमा हुने उच्च कामदारको माँग तथा स्वदेशमा रोजगारीको अवसरहरूको कमीका कारणले गर्दा धेरै नेपालीहरू विश्वका विभिन्न मुलुकहरूमा रोजगारीको अवसरको खोजी गर्ने क्रम तीव्र गतिमा बढेको हो । विश्वव्यापीकरणको अवधारणबाट अगाडि बढिरहेको पूँजीवादी विश्वव्यवस्थाले रोजगार, व्यापार, लगानी आदिका लागि सिङ्गो संसारलाई नै एउटै बजार मान्दछ । आफ्नो योग्यता, दक्षता, सीप र ज्ञानलाई महिला तथा पुरूषहरूले विभिन्न देशहरूमा रोजगारीका लागि बेचिरहेका हुन्छन् । यसैलाई वैदेशिक रोजगारी भनिन्छ । यसले देशमा बिदेशी पूँजी भित्रिनुको साथै देशको बेरोजगारी समस्यालाई केही हदसम्म समाधान गर्दछ (वालिस्टिन, १९८२; मिश्र, २००७) ।यसरी हेर्दा इलामको आर्थिक पक्षलाई पनि वैदेशिक रोजगारीले सकारात्मक प्रभाव पारेको देखिन्छ ।

पोखरेल (२०७५) ले गरेको एक अर्थशास्त्रीय अध्ययनले इलाम जिल्लामा वैदेशिक रोजगारीबाट प्राप्त हुने आम्दानी स्वदेशमै बसेर विभिन्न स्रोतबाट हुने आम्दानी भन्दा बढी भएको देखाएकी छन् । इलाम जिल्लाको देउमाइ नगरपालिका क्षेत्रको ८० घरधुरीमा गरिएको वैदेशिक रोजगारीमा जानु अघि र पछिको पारिवारिक आम्दानीको तुलनात्मक अध्ययनले औसत प्रतिव्यक्ति आय बढ्नुका साथै कूल वार्षिक आम्दानी बढेको, औषत वार्षिक प्रति घर परिवार आम्दानी बढेको देखाएको छ । यसरी वैदेशिक रोजगारले समाजको आर्थिक पक्षमा सकारात्मक प्रभाव पारेको छ भन्ने देखाउछ ।

यसरी वैदेशिक रोजगार पनि इलामेहरूको आम्दानीको प्रमुख स्रोतको रूपमा रहेको छ । यसले समाजको आर्थिक संरचनालाई पूँजीवादी संसारसँग जोडेको हामी अनुभूति गर्न सक्छौं । आर्थिक वृत्तिविकास गर्न विदेश गएकाहरूबाट आम्दानी मात्र नभएर नयाँ नयाँ ज्ञान, सीप, जाँगर र प्रविधि पनि स्वदेशमा भित्र्याएर गाउँघरमै दाम्दानीको स्रोतहरू सञ्चालन गरेको उदाहरणहरू पनि प्रशस्तै देख्न सकिन्छ । विदेशी प्रविधि र सीप सिकेर धेरै युवाहरूले व्यवसायिक कृषि, पशुपालन, उद्योग धन्दा, व्यापार जस्ता स्वरोजगार प्रदान गर्ने आय मूलक पेशाहरू गाउँघरमै सञ्चालन गरी स्थानीय स्रोत साधनहरूको व्यवसायिक परिचालन गरेको र गाउँमै रोजगारी सिर्जना गरी स्थानीयलाई रोजगारी प्रदान गरेको स्थिति प्रशस्तै देख्न सकिन्छ । अर्कोतिर वैदेशिक रोजगारीले घर परिवारलाई सामाजिक साँस्कृतिक रूपमा नकारात्मक प्रभाव पारेको पनि हामी देख्न सक्छौ । वैदेशिक रोजगारीमा गएकाहरूको पारिवारिक समस्याहरू अड्डा अदालतहरूसम्म पुग्ने र पारिवारीक संरचना नै ध्वस्त भएको र बाल बच्चा, वृद्ध वृद्धाहरूको बिचल्ली भएको विभिन्न दृष्टान्तहरू हामी देख्न सक्दछौं । पारिवारिक झै झगडा, हिंसा, पारपाचुके, आत्महत्या जस्ता कैयौ समस्याहरू वैदेशिक रोजगारका उपजको रूपमा हेर्न सकिन्छ जसले इलाम जिल्लाको सामाजिक/साँस्कृतिक पाटोलाई नकारात्मक प्रभाव पारेको अवस्था रहेको छ ।

**बसाइँसराइको प्रक्रिया र जनसंख्याले ल्याएको परिवर्तन**

स्टीफन क्याप्सन (२००८) ले बसाइँसराइ र सामाजिक परिवर्तन बीचको सम्बन्धको अन्वेषण गरेका छन् । उनका अनुसार बसाइँसराइको विश्वव्यापी सन्दर्भ हुने गर्दछ । बसाइँसराइको असर आर्थिक भू-मण्डलीकरण, राजनैतिक द्वन्द, वातावरणीय परिवर्तनहरू र जनसांख्यिकीय परिवर्तनहरू जस्ता विषयहरूमा देख्न सकिन्छ जसले मानिसहरूलाई सीमाना पार गर्न योगदान पुर्‍याउँछ । व्यक्ति र समूहहरू बसाइँ सर्ने विभिन्न कारक तत्त्वहरू हुने गर्दछन् । जसलाई बसाइँसराइका चालकहरू भनेर बुझ्नु पर्दछ । आर्थिक अवसरहरू, राम्रो जीवन अवस्थाको खोजी, पारिवारिक पुनर्मिलन, शोषण-दमन आदिबाट उन्मुक्ति र शिक्षाको खोजी जस्ता कारक तत्वहरूलाई चालकका रूपमा लिने गरिन्छ । सामाजिक रूपान्तरणको दृष्टिकोणबाट हेर्दा

बसाइँसराई विद्यमान सामाजिक परिवर्तनहरूको प्रतिक्रिया मात्र नभएर परिवर्तनको लागि उत्प्रेरक पनि हो । उत्पत्ति र गन्तव्यका दुवै समाजमा बसाइँसराइले सामाजिक संरचना, साँस्कृतिक मान्यता र पहिचानमा परिवर्तन ल्याउँने गर्दछ । वसाइँसराईको प्रभाव पठाउने र प्राप्त गर्ने समाजहरूमा देखिने गर्दछ । पठाउने समाजका लागि बौद्धिक पलायन, पारिवारीक संरचनामा परिवर्तन, रेमिट्यान्स अर्थतन्त्र आदि क्षेत्रमा प्रभाव वा असर देखिन सक्छ भने प्राप्त गर्ने समाजहरूले बहुसाँस्कृतिकता, श्रम बजारको क्षेत्रमा देखिने गतिशीलता र आप्रवासीहरूको एकीकरण जस्ता मुद्दाहरूलाई सम्बोधन गर्नुपर्ने हुन सक्छ । विभिन्न संस्कृतिहरूको पनि गतिशीलता बसाइँसराईको अर्को प्रभाव हो। जसको कारणले सामाजिक अन्तरक्रियाहरूमा फरक किसिमका अभ्यासहरू देखिने गर्दछन् । यी अन्तरक्रियाका परिणाम स्वरूप सांस्कृतिक विविधता र हाईब्रिडिटी (संकरता) हुने गर्दछन् । बसाइँसराइले प्रायः मानिसहरूलाई आफ्नो पहिचान र सम्बन्धको भावनालाई नयाँ ठाउँमा नयाँ ढंगले नयाँ साँस्कृतिक सन्दर्भ अनुसार प्रस्तुत गर्न गराउन बाध्य पारिरहेको हुन्छ । उनीहरूको एकीकरण र सामाजिक अन्तरक्रियालाई नकारात्मक ढङ्गबाट असर पारिरहेको हुन सक्दछ । बसाइँसराइले कुनै पनि सम्बन्धित देशको नीति र प्रशासनिक संरचनाहरूमा व्यापक परिवर्तन ल्याउन सक्छ । जस्तैः अध्यागमन नीतिहरू, सीमा नियन्त्रण, आप्रवासीहरूको अधिकार र कल्याणलाई सम्बोधन गर्ने प्रयासहरूबारे छलफलहरू समावेश हुन सक्दछन् । बसाइँसराईबाट उत्पन्न हुने चुनौती र अवसर दुवैलाई सम्बोधन गर्ने प्रयासहरूबाटै छलफलहरू समावेश हुन सक्दछन् । बसाइँसराइबाट उत्पन्न हुने चुनौंती र अवसर दुवैलाई सम्बोधन गर्ने सम्भावना हुन्छ । जस्तैः जेनोफोनिया, सामाजिक वहिष्कार, श्रम शोषण, महङ्गी तथा आर्थिक भार, साँस्कृतिक समृद्धि तथा सङ्कट, सामाजिक विचलन आदि ।

एलिजेन्ड्रो पोटेज (२००८) ले समाज र व्यक्तिहरूमा बसाइँसराइको प्रभावहरूको विश्लेषण गरेका छन् । उनको तर्क अनुसार बसाइँसराई आर्थिक प्रभावहरू भन्दा बाहिर जान्छ जसले गर्दा दुवै होस्ट र आगन्तुक/पाहुना पठाउने समाजहरूमा साँस्कृतिक र संरचनात्मक परिवर्तनहरू निम्त्याउँछ । बसाइँसराइको मुख्य प्रभाव सामाजिक सञ्जाल, सामाजिक संस्था र आर्थिक प्रणालीमा पर्ने कुरामा दुईमत छैन । बसाइँसराइको प्रभाव जटिल र बहुआयामिक प्रकृतिको हुने गर्दछ र फराकिलो सामाजिक रूपान्तरण ल्याउने क्षमता बोकेको हुन्छ । बसाइँसराइले प्रभाव पार्ने मुख्य तत्व सामाजिक सञ्जालको परिवर्तन हो । प्रायः गन्तव्य देशमा नयाँ सामाजिक सम्बन्ध र सञ्जालहरूको स्थापना हुने गर्दछ । यी सञ्जालहरूले बसाइँसराई नयाँ परिवेशमा सहजीकरण गर्दै यसका चुनौतीहरूलाई संवोधन गर्न मद्धत गर्ने महत्वपूर्ण समर्थन र स्रोतहरू प्रदान गरेका हुन्छन् । यसका साथसाथै यी सञ्जालहरूले साँस्कृतिक आदानप्रदान र हाईव्रिडाईजेशन (सङ्करता) को फराकिलो प्रक्रियामा योगदान पुऱ्याउँदै साँस्कृतिक अभ्यास, मापदण्ड र मूल्यहरूको प्रसारलाई

सहज बनाउन सक्छन् । आप्रवासीहरूले प्रायः होस्ट समाजहरूमा नयाँ विचार, अभ्यास र दृष्टिकोण प्रस्तुत गर्दछन् । विविधताको यो अन्तरघुलनले अवस्थित संस्थाहरूको अनुकुलन वा विकासको लागि नेतृत्व गर्न सक्छ किनभने समाजहरूले नयाँ आगन्तुकहरूलाई एकीकरण गर्न र तिनीहरूको आवश्यकतालाई समायोजन गर्न सङ्घर्ष गर्दछ । साथै बसाइँसराइले समाजको विकासको गतिलाई तीव्रता प्रदानगर्न सक्दछ किनभने व्याक्तिहरूको प्रस्थानले स्थानीय अर्थतन्त्र, श्रम बजार र सामुदायिक गतिशीलतामा प्रभाव पार्दछ । आर्थिक रूपमा प्रवासीहरूको योगदान महत्वपूर्ण मानिन्छ । आर्थिक प्रणालीमा परिवर्तन ल्याउँन बसाइँसराइ गरी आउने प्रवासीहरूले गन्तव्यका देशहरूमा आफ्नो श्रम शक्ति मार्फत योगदान पुऱ्याउँदछन्, जनसंख्याको कमी वा मागलाई पूर्ति गर्दछन् र प्रायः कृषि, निर्माण र स्वास्थ्य सेवा जस्ता उद्योगहरूमा महत्वपूर्ण भूमिका खेल्ने गर्दछन् । यसले अर्थतन्त्रको माग र आपूर्ति दुवै पक्षमा प्रभाव पार्न सक्छ, जसले ज्याला, रोजगारी ढाँचा र आर्थिक वृद्धिलाई असर गर्दछ । यसरी बसाइँसराईको प्रभावको बहुआयामिक प्रकृतिलाई रेखांङ्कित गर्दा यो एक साधारण आर्थिक पक्षभन्दा बाहिर जाने गर्दछ । साँस्कृतिक अन्तरघुलन, सामाजिक सञ्जाल र संरचनामा परिवर्तन ल्याउँदै जटिल सामाजिक अन्तरक्रियालाई बढावा दिदैं विश्वव्यापी स्तरमा समाजलाई आकार दिने गतिशील र परिवर्तनकारी प्रक्रियाहरूको रूपमा बसाइँसराइलाई बुझ्नु अहिलेको आवश्यकता रहेको प्रष्ट हुन आउँछ ।

बसाइँसराई समाजमा निरन्तर चलिरहने एउटा सामाजिक घटना हो । जनसांङ्किक दृष्टिकोणमा एक निश्चित समय अवधिभित्र एक भौगोलिक एकाइबाट अर्को भौगोलिक एकाइमा वासस्थान परिवर्तनमा संलग्न मानिसहरूको भौगोलिक चाललाई बसाइँसराइ भनिन्छ । बसाइँसराइलाई स्थान र समयको आधारमा परिभाषित गरिन्छ । बसाइँसराइ हुनको लागि दुईवटा सर्त पूरा भएको हुनुपर्छ । राजनैतिक वा प्रशासनिक एकाईको सिमाना पार गरेको र अक्सर वसोवासको स्थान परिवर्तन गर्ने कार्यमा सामेल भएको हुनु पर्दछ । बसाइँसराईले उद्‌गम स्थान र गन्तव्य स्थानको जनसंख्याको आकार र बनौटमा परिवर्तन ल्याउँछ । बसाईसराई गर्ने व्यक्तिको सामाजिक, आर्थिक र साँस्कृतिक व्यवहारमा समेत परिवर्तन आउँछ (थापा, २०७५)।

बसाइँसराइले समाजको विकासका प्रक्रियालाई विभिन्न पक्षबाट असर गरिरहेको हुन्छ । बसाइ सराईले उद्‌गम स्थलको मानवीय स्रोत र दक्ष जनशक्ति गुमाउने हुनाले त्यस ठाउँको आर्थिक विकासमा नकारात्मक असर पारेको हुन्छ । अर्कोतर्फ गन्तव्य स्थानले अत्याधिक धान्नै नसकिने जनसंख्या प्राप्त गर्नाले बेरोजगार, भोकमरी जस्ता समस्या बढ्ने गर्दछ । प्राकृतिक साधन स्रोतको अत्यधिक शोषणले गर्दा वातावरणीय समस्याहरू देखापर्न थाल्दछन् । सीपको स्थानान्तरण गर्दै सामाजिक साँस्कृतिक सम्पन्नता बढाउन व्यवस्थित नियन्त्रित बसाइँसराइ आवश्यक पर्दछ । बसाईसराई आधुनिक सभ्य समाजको विकासको

सूचक पनि हो । त्यसैले बसाइँसराइलाई सामाजिक परिवर्तनको बाहकको रूपमा पनि लिने गरिन्छ । यो साँस्कृतिक विस्तार वा प्रसारको माध्यम पनि हो जसको कारणबाट एक ठाउँको संस्कृति, संस्कार, भाषा, धर्म रीतिरिवाज, ज्ञान, चालचलन, व्यवहार, जिवनशैली, उत्पादन प्रणाली आदि एक ठाउँबाट अर्को ठाउँमा प्रसारित भई सामाजिक रूपमा अन्तरघुलन हुन पुग्दछ । त्यसैले बसाइँसराइ समाजको विकास र विनाश दुवैको माध्यम हो भन्न सकिन्छ ।

राष्ट्रिय जनगणना २०६८ को प्रतिवेदन अनुसार इलाम जिल्लामा ६४५०२ कुल घरधुरी रहेका छन् भने कूल जनसंख्या २९०२५४ रहेको छ । पुरूषको कूल जनसंख्या १४११२६ छ भने महिलाको जनसंख्या १४९१२८ रहेको छ। यसै गरी विगत १० वर्षको जनसंख्या बृद्धिदर नेपालको १.३५% तथा पूर्वाञ्चल विकास क्षेत्रको ०.९९% रहेकोमा इलाम जिल्लाको ०.२६% मात्रै रहेको पाइन्छ भने इलाम जिल्लाको जनघनत्व प्रति वर्ग किलोमिटर १७० रहेको देखिन्छ । नेपालको समग्र सक्रिय जनसंख्या ५६.९६% को तुलनामा इलाम जिल्लाको १५ देखि ५९ वर्ष उमेर समुहका आर्थिक रूपमा सक्रिय जनसंख्या ६१.९०% रहेको छ। जुन राष्ट्रिय तथ्याङ्क भन्दा बढी रहेको छ । यो तथ्याङ्कलाई लैङ्गिक विभाजन गर्दा यस जिल्लाको आर्थिक रूपमा सक्रिय जनसंख्या महिलाको भन्दा पुरूषको बढी हुन आउँछ जसमा पुरूषको आर्थिक सक्रियता६९.२२% रहेको छ भने महिलाको आर्थिक सकृयता ५४.९८% रहेको छ। यस जिल्लामा बसाइँसराइको प्रवृत्तिको विश्लेषण गर्दा ग्रामीण क्षेत्रबाट शहरी तथा बजार केन्द्र रहेका क्षेत्रमा बसोबास गर्ने आन्तरिक बसाईसराई विद्यामान रहेको देखिन्छ। यसरी नै समाजको जनसंख्यामा आएको बद्लावलाई हेर्दा समग्र जिल्लाको जनसंख्या वृद्धिदर २०३८-२०४८ मा २.५४%, २०४८-२०५८ मा २.१०% र २०५८-२०६८ मा ०.२६% रहेको छ जुन तीन दशकको तुलनात्मक अध्ययन गर्दा जनसंख्या वृद्धिदर ऋणात्मक मान्नुपर्ने हुन्छ। यद्यपी जनसंख्या घटेको भने होइन । बसाइँसराईको समाजशास्त्रीय दृष्टिकोणबाट हेर्दा जिल्ला बाहिर ओहोर दोहोर गरिरहने बाह्य बसाइँसराईको प्रवृत्ति पनि देख्न सकिन्छ। जिल्ला बाहिरका अन्य ताप्लेजुङ्ग, पाँचथर, झापा, तेह्रथुम आदि जिल्लाबाट पनि यस जिल्लामा बसाईसरी आउने र अन्य झापा, मोरङ्ग, सुनसरी, काठमाडौं आदि ठाउँहरूमा पनि बाह्य बसाइँसराई गरी जाने क्रम पनि रहेको छ भन्न सकिन्छ। न्यून संख्यामा मात्रअन्तर देशीय बसाइँसरेर गएको पनि पाउन सकिन्छ ।

बसाइँसराइको यो अवस्थालाई मध्यनजर गर्दा बसाइँसराइको सैद्धान्तिक कारणहरूलाई मध्यनजर गर्नुपर्ने हुन्छ । समकालीन ऐतिहासिक संरचनात्मक सिद्धान्तले मार्क्सवादी अर्थराजनीति र विश्व व्यवस्थाको सिद्धान्तमा जोड दिंदै विकसित र अविकसित ठाउँहरूमा आर्थिक र राजनैतिक शक्तिहरूको असमान वितरणको कारणले मानिसहरूले असमान तरिकाबाट स्रोत र साधनमाथि पहुँच राख्न पुग्दछन् । जसलाई पूँजीवादी

बिस्तारवादको अवस्थाले बल पुऱ्याएको हुन्छ। यसरी धनी र गरीव वर्ग सृजित हुन पुग्दछन् भन्दछ (क्यास्टल्स र मिलर, २००३) । यही कारणले अविकसित ठाउँहरूबाट विकसित र सुविधा सम्पन्न ठाउँहरू तिर चाहे आन्तरिक, वाह्रय वा अन्तरदेशिीय होस् मानिसहरू आर्थिक उन्नति गर्न बसाइँसरी आउने जाने गर्दछन् ।

लि (१९६६) ले बसाइँसराइको नयाँ विश्लेषणात्मक ढाँचा अगाडि सार्दै बसाइँसराइको केही तत्वहरूमा आधारित भएर मानिसहरूले बसाइँसराईको निर्णय गर्दछन् भन्छन् । उनले बसाइँसराईको तत्वको रूपमा आकर्षण तत्वहरूर विकर्षण तत्वहरूलाई अगाडी सारेका छन् र यीनै तत्वहरूको आधारमा उद्‌गम स्थलबाट गन्तव्य स्थानमा मानिसहरू बसाइँसरीजाने निर्णय गर्दछन् भनी उनी भन्दछन् । इलाम जिल्लाको बसाइँसराइको प्रवित्तिलाई विश्लेषण गर्दा आकर्षण र विकर्षणका तत्वहरूमा आधारित भएर मानिसहरूले बसाइँसराइको निर्णय लिई बसाइँसराई गर्ने र आउने जाने दुवै गरेको देखिन्छ । जिल्लामा बसाइँसराईको कारणहरू विवाह, पारिवारिक स्थिति, शिक्षा, कामको खोजी, व्यवसाय, स्वस्थ्य सुविधा, विकासका पूर्वाधार, सुविधाको उपलव्धता, सुरक्षा, आर्थिक क्रियाकलाप, अवसरको खोजी आदि हुन सक्दछन् । तथापि मुख्य कारणहरूको खोजी गर्न सरोकारवाला पक्षहरूले विज्ञ सम्मिलित अनुसन्धान गरेर मात्रै यस सम्बन्धी निर्णय प्रक्रियामा जानु पर्ने आवश्यकता खड्किएको छ ।

अधिकारी (२०७५) ले इलामको सूर्योदय नगरपालिकाको फिक्कल क्षेत्रलाई आधार मानेर गरेको बसाइँसराइसम्वन्धी एक अध्ययनले मानिसहरू सुविधाको खोजी गर्दै गुणस्तरयुक्त जीवन जिउन विभिन्न किसिमका बसाइँसराई गरेको देखाएको छ । फिक्कललाई मेची राजमार्गले जोडेको कारणले यस फिक्कल क्षेत्र एक सुविधा सम्पन्न व्यापारिक केन्द्र र बजारको रूपमा विकास भएको कारणले सुविधाहरू पर्याप्त प्रदान गर्न सक्ने केन्द्रको रूपमा विकसित भयो । यसले बसाइँसराइको आकर्षक केन्द्रको रूपमा विकास गऱ्यो । सुविधा गुणस्तरयुक्त जीवन जिउन मानिसहरू यहाँ आउन थाले र यस ठाउँको जनघनत्व वृद्धि हुन पुग्यो भनी उल्लेख गरेका छन् ।

**निष्कर्ष**

इलाम जिल्लाको ऐतिहासिक परिवर्तनको क्रमलाई हेर्दा समाज विभिन्न पक्षहरूबाट प्रभावित भएर परिवर्तनको प्रक्रियामा गएको देखिन्छ। यहाँको सामाजिक संरचनामा आन्तरिक कारणले मात्र नभएर बाह्य विशेष गरी भारतीय शिक्षा र राजनीतिको प्रभावका कारणले पनि परिवर्तन आएको देखिन्छ । विश्वव्यापी बहसको रूपमा आएको विश्व व्यवस्था, पहिचान र समावेशीताको मुद्दाले इलामको समाज, संस्कृति र राजनीतिलाई पनि प्रभावित पारेको छ । यसले समाजको आर्थिक, लैङ्गिक आदि पक्षहरूमा सकारात्मक परिवर्तन ल्याएको देखिन्छ। ग्रामीण सडक विस्तारले ग्रामीण क्षेत्रहरूमा उत्पादन सम्बन्धमा परिवर्तन गरेकोले

आर्थिक क्रियाकलापमा बद्लाव आई गाउँका मानिसहरूको तीब्र आर्थिक उन्नति भएको पाउन सकिन्छ । सँगँगै परम्परावादी सामाजिक, साँस्कृतिक सम्बन्ध र व्यवहारहरूमा पनि परिवर्तन पाउन सकिन्छ । वैदेशिक रोजगारीले एकातिर इलामको अर्थतन्त्रलाई मजबुत बनाएको छ भने अर्कोतिर यही बैदेशिक रोजगारीकै कारणले घर बिग्रिरहेको, परिवार टुटिरहेकोले बैदेशिक रोजगार समाजको आर्थिक विकास सँगसँगै सामाजिक कलह र विचलनको उत्प्रेरक रहेको देख्न सकिन्छ । बसाइँसराई विकास र सामाजिक परिवर्तनको बाहक भएतापनि यसका नकारात्मक पक्षहरूलाई न्यूनीकरण गर्न यसको वैज्ञानिक विज्ञ सम्मिलित अध्ययन अनुसन्धान गर्नु आवश्यक देखिन्छ किन भने यसले इलाम जिल्लाको परिवर्तनको प्रक्रियालाई विभिन्न पक्षबाट प्रभावित पारेको पाइन्छ ।

**सन्दर्थ सामाग्री**

Abraham, M. F. (1998). *Modern sociological theory*. Oxford University Press.

Adhikari, K. (2075). Population in-migration in Suryodaya Municipality. *Research Journal, V*(1), 79-89.

Caplan, L. (1970). *Land and social change in East Nepal: A study of Hindu-tribal relations.* Routledge and kegan Paul Limited.

Castles, S. (2008). *Understanding global migration: A social transformative perspective.* A paper presented on conference on Theories of Migration and Social change at St. Anne's College, Woodstock Road, Oxford.

Castles, S., & Miller, M. J. (2003). *The age of migration.* Mac Millan Press Ltd.

Lee, E. S. (1966). A theory of migration. *Demography, 3*, 47-57.

Mishra, C. (2007). Development and underdevelopment: A preliminary sociological perspective. *Occassional Paper of Sociology and Anthoroploogy, 1*, 105-135.

Phuyel, S. P. (2075). The political representation of janajatis in political parties of Ilam. *Research Journal, V*(1), 194-216.

Portes, A. (2008). *Migration and social change: Some conceptual reflections.* A key notes speech on 'Theories Zing Key Migration Debates', Oxford University, July 1, 2008.

केन्द्रीय तथ्याङ्क विभाग (२०६८), *राष्ट्रिय जनगणना,* केन्द्रीय तथ्याङ्क विभाग ।

जिल्ला विकास समितिको कार्यालय (२०७०), *जिल्ला पार्श्वचित्र,* जिल्ला विकास समितिको कार्यालय, इलाम।

थापा, नवराज (२०७५), *नेपालको जनसंख्या,* विद्यार्थी पुस्तक भण्डार ।

पराजुली, तारानाथ (२०७५), इलाम जिल्लाको स्थानीय तहको निर्वाचन २०७४ मा जनजातीय समावेशिता, *रिसर्ज जर्नल, ५*(१), २५९-२७१ ।

पोखरेल, विमला (२०७५), *वैदेशिक रोजगारी र त्यसको आर्थिक प्रभाव: देउमाई नगरपालिका इलाम, रिसर्ज जर्नल, ५*(१), ३६५-३७६ ।

मिश्र, चैतन्य (२०६७), *बदलिंदो नेपाली समाज,* फाइन प्रिन्ट ।